दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २४४ | बुटवल | २०८१ भदौ १४, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday Aug.30 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## टीआरसी विधेयक पारित

बुटवल । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन विधेयक) २०८१ लाई राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेका छन् ।

संसदको दुवै सदनबाट पारित भई शीतल निवास पुगेको सो विधेयक बिहीबार प्रमाणीकरण भएको हो । गएको साउन ३० गते प्रतिनिधिसभा र भदौ ६ गते राष्ट्रिय सभाबाट पारित भएको विधेयक सभामुख देवराज घिमिरेले भदौ १२ गते प्रमाणित गरेर राष्ट्रपति कार्यालय पठाएका हुन् ।

२०७९ फागुन २५ मा प्रतिनिधिसभामा दर्ता भएर १७ महिनादेखि समितिमा अलपत्र विधेयकमा प्रमुख तीन दल सम्मिलित कार्यदलले सहमति जुटाएर शीर्ष नेतालाई प्रतिवेदन हस्तान्तरण गरेको थियो ।

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन आयोगका पदाधिकारीको म्याद ४ वर्षको हुने भएको छ । सुरुको ४ वर्षमा सबै काम नसकिए अझैं म्याद थप्न सकिने व्यवस्था गरिएको छ । संक्रमणकालीन न्यायको काम सकिएपछि सरकारले शान्ति प्रक्रिया टुंगिएको घोषणा गर्नेछ । यो विषय १७ वर्षदेखि अल्झिएर बसेको थियो ।

उक्त प्रतिवेदनमा आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुनेछ । यस अवधिभित्र आयोगबाट शान्ति प्रक्रियाको काम सम्पन्न हुन नसके सरकारले कार्य प्रगतिको आधारमा काम सम्पन्न गर्न लाग्ने समयको आँकलन गरी अध्यक्ष तथा सदस्यको पदावधि थप गर्न सक्ने व्यवस्था पारित गरिएको छ ।

आयोगले कार्यावधि समाप्त हुनुभन्दा अगावै शान्ति प्रक्रियाको काम सम्पन्न भएको घोषणा गरेमा सोही मितिदेखि अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएको मानिने दफावार छलफलपछि पारित प्रतिवेदनमा उल्लेख छ । अब आयोगको सहमतिबिना कर्मचारीलाई सरकारले अन्य कार्यालयमा सरुवा गर्न नपाउने भएको छ । आयोगले सहमति दिएपछि मात्र सरकारले सरूवाको निर्णय गर्न सक्नेछ ।

यस्तै बजेट अभाव हुन नदिन र सरकारी तजबिजको प्रभाव पर्न नदिन छुट्टै कोष खडा गरिनेछ । सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन आयोगमा पदाधिकारी सिफारिस गर्न सरकारले नै तीन सदस्यीय समिति बनाउँछ । त्यस्तो समितिमा सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश अध्यक्ष हुन्छन् ।

» *बाँकी ३ पेजमा*

## आवेगपूर्ण अभिव्यक्ति नदेऊ : एमाले

बुटवल । नेकपा एमालेले विश्वका विभिन्न घटनाक्रमलाई नेपालसँग जोडेर आवेगपूर्ण अभिव्यक्ति नदिन विभिन्न राजनीतिक दलको ध्यानाकर्षण गराएको छ । बिहीबार पार्टी कार्यालय च्यासलमा बसेको एमाले सचिवालय बैठकले विश्वका विभिन्न घटनाक्रमलाई नेपालसँग जोडेर प्रतिपक्षी दलका नेताहरुबाट आएका आवेगपूर्ण टिप्पणीहरु र प्रतिक्रियाहरुप्रति आपत्ति जनाउँदै मुलुकको संवेदनशील अवस्थाप्रति गैरजिम्मेवार अभिव्यक्ति नदिन ध्यानाकर्षण गराउने निर्णय गरेको छ ।

पछिल्लो समय समाजमा अराजकताको प्रवृत्ति देखापर्न थालेको अवस्थामा सबै दल मिलेर यसको समाधान खोज्नुपर्नेमा बैठकको जोड रहेको उप-महासचिव प्रदीप ज्ञवालीले जानकारी दिए । बैठकले पछिल्लो राजनीतिक घटनाक्रमका साथै एमाले-कांग्रेस सरकारको संक्षिप्त समीक्षा गर्दै सरकारको प्रारम्भिक कामप्रति सन्तुष्ट व्यक्त गरेको ज्ञवालीले बताए । बैठकले यही भदौ २६ गते स्वर्गीय सुवास नेम्वाङको प्रथम स्मृतिसभा आयोजना गर्ने निर्णय गरेको छ ।

# पालिका शिक्षामा बढ्दो अनियमितता

**स्थानीय तहले क्षेत्रभित्रका विद्यालय अनुगमन गर्न मापदण्ड बनाए पनि न त अनुगमन छ, न त अनुगमन प्रतिवेदन सार्वजनिक भएका छन् । दिवा खाजा कार्यक्रम, नि:शुल्क पाठ्यपुस्तक, नि:शुल्क सेनेटरी प्याडलगायतका ठूला बजेटका कार्यक्रममा अधिकांश पालिकाको अनियमितता छ ।**

**मोहम्मद हबिब**
*भैरहवा*

शिक्षाको विकासका लागि सरकारले ल्याएका विभिन्न कार्यक्रममा वर्षेनी अनियमितता बढिरहेको छ ।

यस्ता कार्यक्रममा दिवा खाजा कार्यक्रम, नि:शुल्क पाठ्यपुस्तक, नि:शुल्क सेनेटरी प्याडलगायतका धेरै बजेट भएका कार्यक्रम पर्दछन् । यी कार्यक्रम समुदायिक विद्यालयप्रति विद्यार्थी र अभिभावकको आकर्षण बढाउन, विद्यालयमा विद्यार्थी पूरा समय टिकाइराख्न, विद्यार्थी भर्नादर बढाउन ल्याइएका थिए, तर करौडौं खर्च गरेर लागू गरिए पनि कार्यक्रमको उपलब्धि खासै देखिएन ।




विद्यालयमा विद्यार्थी आकर्षित गर्न सरकारले दिवा खाजा कार्यक्रम लागू गरेको छ । तर, व्यवहारमा अधिकांश विद्यालयका विद्यार्थीले दिवा खाजा पाएका छैनन् । दिवा खाजाको सट्टा अभिभावकलाई नगद वितरण गरेर रकमको दुरूपयोग भएको छ । कतिपय विद्यालयले फर्जी विद्यार्थी तयार पारेर रकम हिनामिना गरेका छन् । बालबालिकाको वृद्धि र विकासका लागि पोषणयुक्त खाजा व्यवस्था गर्न प्रारम्भिक बालविकासदेखि कक्षा पाँचसम्म अध्ययनरत विद्यार्थीका लागि नेपाल सरकारले बजेटको व्यवस्था लामो समयदेखि गर्दै आएको छ । पालिकाहरूले विद्यालयको नियमित अनुगमन, निरीक्षण र सुपरिवेशक्षण गरी सार्वजनिक शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने भए पनि अधिकांश पालिकाले प्रतिवेदन तयार गरेका छैनन् ।

दिवा खानाको रकम निकासाको हकमा विद्यालयले तयार पारेको विद्यार्थी तथ्यांक सम्बन्धित स्रोत व्यक्तिले विद्यालय अनुगमन गरी यकिन गरेपछि निकासाको सिफारिससहित पालिकाको शिक्षा शाखामा पठाउँछ । शिक्षा शाखाले यसैअनुसार विद्यालयको खातामा पैसा पठाउँछ । रुपन्देहीमा १६ वटा पालिकामध्ये अधिकांश पालिकामा दिवा खाजाका लागि छुट्याइएको बजेट बेरुजु भएको छ ।

पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तर नघट्ने गरी भण्डारण गर्नुपर्ने र त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था छ ।

त्यसैगरी कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीलाई पाठ्यपुस्तक किन्न अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्ना हुने बित्तिकै दिनुपर्छ । विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाइ स्थानीय तहमा पेश गरेपछि यस कामको अनुगमन पालिकाले गर्नुपर्छ ।

पालिकाले सबै प्राधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयहरूमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार गर्नुपर्छ । तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्छ । यसरी तोकिएको कक्षासम्मका बालबालिकाहरूलाई दिवा खाजाको प्रबन्ध मिलाउनु पर्छ । रुपन्देहीको मायादेवी गाउँपालिकाले स्यानेटरी प्याड किन्न १८ लाख ७३ हजार बजेट विनियोजन गरेकोमा सेनेटरी प्याड खरिद गरेन । आर्थिक वर्षको अन्तिममा असार २४ गते १८०० प्याड खरिद गरेर जिन्सी खातामा आम्दानी बाँड्यो ।

ओमसतिया गाउँपालिकामा २२ लाख ८१ हजारको पाठ्यपुस्तक नि:शुल्क उपलब्ध गराएको भनिए पनि विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाइमा मिति उल्लेख छैन, प्रधानाध्यापकले भरपाइ प्रमाणीत गरेका छैनन् । खरिद भएको पुस्तक विद्यार्थीलाई समयमै वितरण गरे नगरेको अनुगमन समेत भएन । यस्तैगरी, सोही पालिकामा दिवा खाजामा २६ लाख १९ हजार ४ सय ५८ रुपैयाँ विद्यालयहरूलाई उपलब्ध गराए पनि यस कार्यक्रमको अनुगमन भएको छैन । सो पालिकाले नौ लाख रुपैयाँका सेनिटरी प्याड सिधैँ खरिद गरी वितरण गरेको भने पनि पालिकाले अनुगमन गरेको छैन । विद्यालयले वितरण र प्रयोगको अवस्थाको प्रतिवेदन पालिकामा पठाएको छैन ।

यस्तै बुटवल उप-महानगरपालिकाले दिवा खाजाका लागि ३४ विद्यालयहरूलाई २ करोड ५९ लाख ७९ हजार उपलब्ध गराएकोमा ९ वटा विद्यालयहरूले ४५ लाख ७२ हजार बराबरको खाजा खुवाएका छन् । बाँकी २५ विद्यालयहरूले नियम विपरीत विद्यार्थीलाई नगद दिएका छन् ।

देवदह नगरपालिकाले १२ वटा विद्यालयलाई तथ्याङ्कमा उल्लेख भएभन्दा बढी, दिनुपर्ने दरभन्दा बढी र भरपाइभन्दा बढी रकम निकासा दिएको छ । यसैगरी, लागत अनुमान तयार नगरी ९ लाख ६० हजार रुपैयाँमा तोकेको मापदण्डभन्दा फरक सेनेटरी प्याड खरिद गरेको छ । प्याड पहिल्यै किन्नु पर्नेमा आर्थिक वर्षको तेस्रो त्रैमासिकमा मात्रै खरिद गरेको छ ।

» *बाँकी ३ पेजमा*

बाँकेमा बस दुर्घटना :
## तीन जनाको मृत्यु

बुटवल । बाँकेको गनापुरमा भएको बस दुर्घटनामा मृत्यु हुनेको संख्या ३ पुगेको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका यात्री दाङ तुलसीपुरका ६० वर्षीय मानबहादुर ओली र तुलसीपुरकै २४ वर्षीय बसका सह-चालक सन्तोष भुषालको भेरी अस्पतालमा मृत्यु भएको थियो । नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा उपचाररत दाङ, घोराहीका ३० वर्षीय विमल राईको पनि मृत्यु भएपछि मृतकको संख्या तीन पुगेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायव उपरीक्षक नारायण डाँगीले बताए । दाङको तुलसीपुरदेखि नेपालगञ्ज आउँदै गरेको भे १ ख २१२८ नम्बरको यात्रुबाहक बस बाँकेको गनापुरमा दुर्घटनामा परेको थियो । दुर्घटनामा परेका घाइते २१ जनाको भेरी अस्पताल नेपालगञ्ज र नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा बाँकी ४ जनाको उपचार भइरहेको छ । घाइते एक जनाको नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल नेपालगञ्जमा उपचार भएकोमा डिस्चार्ज भइसकेका छन् ।

## दुई तिहाइको दम्भ नदेखाऊ : प्रचण्ड

बुटवल । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारलाई दुई तिहाइ बहुमतको घमण्ड नदेखाउन चेतावनी दिएका छन् । धनगढीमा भएको पार्टीको प्रदेश परामर्श बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै उनले सरकारको सुरुवाती दिन हेर्दा राम्रो लक्षण नदेखिएको टिप्पणी गर्दै दुई तिहाइको अहंकार देखाए बंगलादेश र श्रीलंकाको हालत हुन्छ भनेर सम्झाएको बताए ।

दुई तिहाइको अहंकार नदेखाउनोस् भनेर सत्तामा रहेका दललाई सम्झाएको भन्दै प्रचण्डले अटेर गरेर बढी गर्न थालेमा भ्रष्टाचारकाविरुद्ध सडकमा आउने चेतावनी दिए । आफ्नो नेतृत्वको अघिल्लो सरकारले सुरु गरेको भ्रष्टाचार विरोधी अभियान नरोक्न पनि उनले सचेत गराए । 'दुई तिहाइको घमण्ड नगर्नोस्, तपाईंहरू सुध्रिनुहोस्, राम्रो कामको समर्थन नै हुनेछ, तर तपाईंहरूको लक्षण राम्रो गर्नेजस्तो देखिएको छैन । गल्ती गर्दै गए प्रतिपक्षले छाड्ने छैन,

» *बाँकी ३ पेजमा*

दुधको भुक्तानी तत्काल गर्न मुख्यमन्त्रीको निर्देशन
## नेपालगञ्ज दुग्ध वितरणबाट किसानको २० करोड बक्यौता



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले किसानलाई दुधको भुक्तानी तत्काल दिन नेपालगञ्ज दुग्ध वितरण आयोजनालाई निर्देशन दिनुभएको छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय राप्ती उपत्यका देउखुरीमा बिहिवार नेपालगञ्ज दुग्ध वितरण आयोजनाका प्रमुख सहित कर्मचारीहरुसंग भएको छलफलमा मुख्यमन्त्री आयाचार्यले ६-७ महिना देखी दुधको भुक्तानी हुन नसक्दा किसानलाई मर्का परेको भन्दै अविलम्ब भुक्तानी गर्न दिर्नेशन दिनुभएको हो ।

'किसानले दुधको भुक्तानी नपाउदा समस्या परेको छ । म सम्म पनि किसानको कुरा आईपुगेको छ । दुधको भुक्तानी रोकिदा चौतर्फी असर परेको छ । छिटो भुक्तानी गर्नुहोस'उहाँले भन्नुभयो,'किसानको भुक्तानी रोकेर राख्न हुदैन । म संघीय सरकार संग पनि यस बारेमा पहल गर्छु ।' गत पुस महिनाबाट किसानले दुधको भुक्तानी पाएका छैनन् । दुग्ध विकास संस्थानले दुधको भुक्तानीको लागी अर्थमन्त्रालयमा ६० करोड रुपैयाँ माग गरेको छ । लुम्बिनी प्रदेशको बाँकेको कोहलपुरमा रहेको नेपालगञ्ज दुग्ध वितरण आयोजनाले मात्रै २० करोड रुपैयाँ भुक्तानी गर्न बाँकी छ । लुम्बनी प्रदेशको ग्रामिण अर्थतन्त्रको बलियो आधारको लागि दुग्ध व्यवसायलाई प्रबर्द्धन गर्नेगरी प्रदेश सरकारले समेत योजना बनाउने प्रतिबद्धता मुख्यमन्त्री आचार्यले व्यक्त गर्नु भयो । भेटमा नेपालगञ्ज दुग्ध वितरण आयोजनाका प्रमुख दिलिप चौधरी दुधमा आत्मनिर्भताको लागि नेपालगंज दुग्ध वितरण आयोजनाको क्षमता विस्तार गर्न प्रस्ताव गर्नु भएको छ । यो आयोजनाबाट लुम्बिनी र कर्णाली प्रदेश गरी पाँच जिल्लामा दुग्ध चिस्यान केन्द्र रहेका छन् ।

दुध उत्पादन बढ्दै गएपनि बजारीकरणको समस्या किसानले भोग्नु परेको छ । असोज महिनादेखि चैत सम्म दैनिक आठ हजार लिटर दुध संकन हुने गरेको छ । असोज, कार्तिक, मंसिर, पुस, माघ, फागुन, चैत महिनामा दुध उत्पादन बढेपनि बजारीकरण गर्न समस्या हुदा मिल्क होलिडेको मारमा किसान छन् । तर, बैशाख देखी भदौ महिना सम्म दुध संकलन भने ह्वात्तै घट्ने हुदा दुधको बजारलाई सन्तुलनमा राख्न समस्या पर्ने गरेको छ ।

बैशाख, जेठ, असार, साउन, भदौ महिनामा दैनिक दुई हजार लिटर मात्रै दुध संकलन हुदा बजारको माग धान्न नसक्ने अवस्था रहेको छ ।

» *बाँकी ३ पेजमा*

Vacancy Announcement!!!

*Tilottama Campus Yogikuti announces a vacant post for a computer operator along with necessary skills in IT sector.*



*Interested candidates have to drop resume in the given address (tilottamacampus2056@gmail.com) by 29th Bhadra 081.*

TILOTTAMA CAMPUS
ISO 9001:2015 Certified School

# सम्पादकीय

## प्रहरीको गैरव्यवसायिक आचरण

प्रहरीको व्यवसायिक आचरण र व्यवहारप्रति प्रश्न उठिरहेको बेला स्वंय प्रहरी प्रमुख बसन्त कुँवर नै सन्तुष्ट नभएको बताएका छन् । गैरव्यवसायिक आचरणले प्रहरी बदनाम भएको भन्दै उनले आचरण सुधारका लागि लाग्न निर्देशन दिएका छन् ।

प्रहरी र नागरिकबीचको सम्बन्ध नङ र मासुझैं हो । नागरिकसँगको सहकार्य र विश्वासबाट नै प्रहरी सफल हुने हो । प्रहरीको सक्रियता र इमान्दार प्रयासबाट मात्रै नागरिकले शान्ति सुरक्षाको अनुभूति गर्ने हो । प्रहरीप्रति नागरिकको अपेक्षा चुलिएको र चुलिएका अपेक्षा पूरा गर्न प्रहरीको सक्रियता बढ्नुपर्ने बेला गैरव्यवसायिक आचरणबारे समाजमा खुलेर छलफल हुन थालेको छ । समाजमा भइरहेको छलफललाई प्रहरी प्रमुखले सार्वजनिक मञ्चबाटै सुधारका लागि निर्देशन दिएका छन्, जुन प्रहरी संगठन सुधारका लागि गतिलो अवसर हो । कतिपय प्रहरी लामो समयदेखि एउटै कार्यालयमा बसिरहेका छन् । सत्ता र शक्तिको प्रयोग गरी तराई र सिमावर्ती प्रहरी युनिटमा बस्न खोज्नेको चाप छ । यस्तो चाप हुनुको कारण हो, अतिरिक्त आय । अहिले ११ सय प्रहरी निरीक्षक सीमा क्षेत्रमा जान खोजिरहेको र त्यस्तो हुनु स्वार्थ लुकेको प्रहरी प्रमुखले सार्वजनिक मञ्चबाटै बताए ।

रूपन्देही जिल्ला प्रहरी कार्यालयको भवन उद्घाटनका अवसरमा सिद्धार्थनगर नगरपालिका प्रमुख इस्तियाक अहमद खानले ट्राफिक प्रहरीबाट धेरै दुःख पाएको गुनासो गरेपछि प्रहरी प्रमुखले आचरण र व्यवहार सुधारका लागि मातहतको युनिटको ध्यानाकर्षण गराएका छन् । गल्ती गर्नेलाई कारबाही गर्नेको दायरामा ल्याउने र प्रहरीलाई अवाञ्छित राजनैतिक हस्तक्षेपबाट मुक्त गर्न ध्यान दिनुपर्छ ।

अहिले प्रहरी संगठन कमाण्ड कन्ट्रोल बाहिर जान थालेको संकेत देखिएको छ । विभिन्न मुद्दा र अभियोगको अनुसन्धान प्रहरी प्रमुखकै जानकारीमा हुन छाडेको विषय सार्वजनिक भएको छ । संगठनभित्रै राजनैतिक नेतृत्वसँग हिमचिम बढाएर प्रहरी प्रमुखलाई चुनौती दिन खोज्ने प्रवृत्तिले कमाण्ड कन्ट्रोलमा समस्या ल्याउँछ । प्रहरी संगठनका लागि यस्तो प्रवृत्ति जति जोखिम छ, राजनैतिक नेतृत्वका लागि पनि उत्तिकै समस्या छ । प्रहरी संगठनभित्र अराजकता बढ्दै जाँदा त्यसले समाजमा झनै अराजकता मौलाउँछ भन्ने विषय हेक्का हुनुपर्छ ।

प्रहरी प्रमुखले प्रहरी संगठन सुधारका लागि आचरण र व्यवहार सुधारको निर्देशन सकारात्मक नै छ । अब प्रहरी संगठनलाई थप बिग्रन नदिन राजनैतिक हस्तक्षेपलाई एउटा सिमासम्म राख्ने आँट प्रहरी नेतृत्वले राख्न सक्नुपर्छ ।

# जलवायुमा जलविद्युत्को चिन्ताजनक असर



**डा. मुकेशराज काफ्ले**

तापक्रम वृद्धिसँगै जलवायु परिवर्तनको तीव्र असरले हरित ग्यास उत्सर्जन कम गर्दै लैजान विश्व समुदायमा ठूलो दबाब सिर्जना भएको छ । बढ्दो ऊर्जा मागको सम्बोधनसँगै हरित ग्यास उत्सर्जन कम गर्ने मुख्य उपायका रूपमा जलविद्युत्, सौर्य ऊर्जा र वायु ऊर्जा जस्ता नवीकरणीय ऊर्जाको विकासमा जोड दिइएको छ । विश्वको विद्युत् प्रणालीमा नवीकरणीय ऊर्जाको कुल स्रोतमध्ये दुई तिहाइ हिस्सा जलविद्युत्को छ । नेपाल, भुटान, पाराग्वे, नर्वे, इथियोपियालगायत विश्वका एक दर्जनभन्दा बढी मुलुकले आफ्नो आवश्यकताको ७५ प्रतिशतभन्दा बढी विद्युत्को हिस्सा जलविद्युत् आयोजनाबाट प्राप्त गरेका छन् ।

आम बुझाइअनुसार न्यून कार्बन उत्सर्जन गर्ने नवीकरणीय ऊर्जाको स्रोत जलविद्युत हो । यो जीवाश्म इन्धनको उत्तम विकल्प हो । अध्ययनहरूको निष्कर्ष भने केही फरक छ । जलविद्युत् आयोजनाबाट उत्पन्न हरित ग्यास उत्सर्जनले जलवायुमा पार्ने असर जीवाश्म इन्धनको तुलनामा अत्यन्त कम हुने परम्परागत बुझाइको विपरीत पछिल्लो निष्कर्ष आएको छ ।

जलविद्युत् आयोजनाले उत्सर्जन गर्ने कार्बन फुटप्रिन्टको विश्लेषण आयोजना विकासअघि र पछिको खुद कार्बन सन्तुलनलाई आधार मानेर गरिन्छ । आयोजना विकासका क्रममा निर्माणअघि कार्बन खपत गर्ने माध्यमका रूपमा रहेको प्राकृतिक स्थल निर्माणपछि कार्बन उत्सर्जन गर्ने स्रोतमा परिणत हुन्छ । यसबाट त्यस क्षेत्रमा कार्बन उत्सर्जन र खपतको चक्रीय पद्धतिमा नाटकीय परिवर्तन हुन्छ । जैविक वस्तुसँगको अक्सिडेसन प्रक्रियाबाट कार्बन डाइअक्साइड ग्यास उत्पन्न हुन्छ । यसबाट जलाशयको पानीको तल्लो सतहमा अक्सिजनको मात्रा कम हुँदै जान्छ र मिथेन ग्यास उत्सर्जन हुन्छ ।

जलाशयमा कार्बन डाइअक्साइड र मिथेनको अतिरिक्त नाइट्रस अक्साइड ग्यास पनि उत्सर्जन हुन्छ, तर तुलनात्मक रूपमा यसको मात्रा न्यून हुन्छ । एक अध्ययनअनुसार मिथेन ग्यासले कार्बन डाइअक्साइडभन्दा सय गुणा बढी ताप सञ्चय गर्न सक्छ । मिथेनको प्रभाव वायुमण्डलमा एक दशक मात्र रहन्छ, तर कार्बन डाइअक्साइडको अस्तित्व एक शताब्दीसम्म रहन्छ । यसरी मिथेन ग्यासको असर जलवायुमा अल्पकालीन हुन्छ, कार्बन डाइअक्साइडले दीर्घकालीन प्रभाव पार्छ । समग्रमा कार्बन डाइअक्साइड, मिथेन र नाइट्रस अक्साइड हरित ग्यास मानिन्छन् ।

सन् २०१६ मा १०४ देशका १४ सय ७३ जलविद्युत् आयोजनाबाट भएको हरित ग्यास उत्सर्जनसम्बन्धी महत्त्वपूर्ण एक अध्ययन भएको छ । यी आयोजनाहरूको कुल जडित क्षमता सन् २००९ को आधार वर्षमा विश्व जलविद्युत् उत्पादनको ४३ प्रतिशत छ । अध्ययनमा एसियाका २७ प्रतिशत क्षमता बराबरका २४२ वटा, दक्षिण अमेरिकाका २६ प्रतिशत क्षमता बराबरका ७३ वटा, युरोपका १८ प्रतिशत क्षमता बराबरका ५४५ वटा र उत्तर अमेरिकाका ७ प्रतिशत क्षमता बराबरका ३४१ आयोजना समावेश थिए । यीमध्ये २३ प्रतिशत जलविद्युत् आयोजनाहरूले खुद कार्बन डाइअक्साइड खपत गर्ने देखिएको छ । अर्कोतर्फ तीन प्रतिशत आयोजनाको प्रतियुनिट बिजुलीबाट हुने कार्बन उत्सर्जन कोइलाबाट उत्पादित बिजुलीभन्दा बढी र सात प्रतिशत आयोजनाको उक्त सूचकांक प्राकृतिक ग्यासबाट उत्पादित बिजुलीभन्दा बढी देखिन्छ ।

जलविद्युत् आयोजना र जीवाश्म इन्धनबाट उत्पादित प्रतियुनिट बिजुलीले उत्सर्जन गर्ने हरित ग्यास र यसले जलवायुमा पार्ने प्रभावको तुलनात्मक अध्ययनले अल्पकालीन र दीर्घकालीन आधारमा फरक फरक नतिजा दिएको छ । बीस वर्षको अल्पकालीन अध्ययन गर्दा १५ प्रतिशत जलविद्युत् आयोजनाको प्रतियुनिट बिजुलीबाट उत्सर्जन हुने कार्बनले जलवायुमा पार्ने प्रभाव कोइला विद्युत्गृहको भन्दा बढी देखिएको छ । सोही अवधिमा १७ प्रतिशत जलविद्युत् आयोजनाबाट उत्सर्जन हुने कार्बनले जलवायुमा पार्ने प्रभाव प्राकृतिक ग्यास विद्युत्गृहको भन्दा बढी छ । दुई सय वर्षको दीर्घकालीन अध्ययन गर्दा सात प्रतिशत जलविद्युत् आयोजनाले जलवायुमा पार्ने प्रभाव कोइला विद्युत्गृहको भन्दा बढी हुँदा १२ प्रतिशत जलविद्युत् आयोजनाले जलवायुमा पार्ने प्रभाव प्राकृतिक ग्यास विद्युत्गृहको भन्दा बढी देखिएको छ । अर्कोतर्फ, विद्युत् उत्पादनको सुरुआती चरणमा ४० र ४४ प्रतिशत जलविद्युत् आयोजनाबाट उत्सर्जन हुने कार्बनले जलवायुमा पार्ने प्रभाव कोइला र प्राकृतिक ग्यास विद्युत्गृहको १० प्रतिशतभन्दा कम रहेको अध्ययनको निष्कर्ष छ ।

सबभन्दा रोचक पक्ष भौगोलिक क्षेत्रअनुसार जलविद्युत् आयोजनाले जलवायुमा पार्ने प्रभाव फरक र कतिपय अवस्थामा जीवाश्म इन्धनभन्दा बढी छ । जीवाश्म इन्धनभन्दा बढी जलवायुमा असर गर्ने जलविद्युत् आयोजनाको संख्या पश्चिम अफ्रिकामा धेरै छ । पश्चिम अफ्रिकी क्षेत्रमा ८६ प्रतिशत जलविद्युत् उत्पादन गर्ने ७१ प्रतिशत आयोजना यस वर्गीकरणमा छन् । यद्यपि विश्व जलविद्युत् उत्पादनमा यस क्षेत्रको योगदान एक प्रतिशतभन्दा कम छ । दक्षिण अमेरिकी क्षेत्रका १९ प्रतिशत जलविद्युत् आयोजनाले सुरुआती चरणमा जलवायुमा पार्ने प्रभाव प्राकृतिक ग्यासको भन्दा बढी छ । यी आयोजनाले त्यस क्षेत्रको कुल विद्युत क्षमताको २० प्रतिशत र विश्व जलविद्युत् उत्पादनको पाँच प्रतिशत हिस्सा ओगटेको छ । पूर्वी एसिया र पश्चिम युरोपमा जीवाश्म इन्धनभन्दा बढी जलवायुमा असर गर्ने जलविद्युत् आयोजनाको संख्या न्यून छ । जलविद्युत् आयोजनाबाट उत्पादित प्रतियुनिट विद्युत्ले प्रतिवर्ष उत्सर्जन गर्ने हरित ग्यासलाई ग्लोबल मेडियन र ग्लोबल भारित औसत सूचकांकको आधारमा विश्लेषण गरिन्छ । ग्लोबल मेडियन उत्सर्जन सूचकांक ५५ किलोग्राम कार्बनडाइअक्साइड प्रतिमेगावाट घन्टा र ०.४३ किलोग्राम मिथेन प्रतिमेगावाट घन्टा छ । ग्लोबल भारित औसत उत्सर्जन सूचकांक १७० किलोग्राम कार्बन डाइअक्साइड प्रतिमेगावाट घन्टा र तीन किलोग्राम मिथेन प्रतिमेगावाट घन्टा छ । अधिकतम उत्सर्जन ६३ हजार किलोग्राम कार्बन डाइअक्साइड प्रतिमेगावाट घन्टा र पाँच हजार किलोग्राम मिथेन प्रतिमेगावाट घन्टासम्म रहेको देखिन्छ । ग्लोबल मेडियन सूचकांकको आधारमा पश्चिम अफ्रिकी क्षेत्रका १७ वटा जलविद्युत् आयोजनाले अल्पकालका लागि जलवायुमा पार्ने प्रभाव प्रतियुनिट उत्पादनका हिसाबले कोइला विद्युतगृहभन्दा तीन गुणा बढी देखिएको छ । यसको मूल कारण मिथेन ग्यास उत्सर्जन हो ।

दक्षिण एसियाका ६१ वटा जलविद्युत् आयोजनाले अल्पकालका लागि जलवायुमा पार्ने प्रभाव प्रतियुनिट उत्पादनका हिसाबले प्राकृतिक ग्यास विद्युत्गृह हाराहारी नै देखिएको छ । पश्चिम युरोपमा अवस्थित ११२ वटा जलविद्युत् आयोजनाको ग्लोबल मेडियन उत्सर्जन सूचकांक शून्य बराबर छ । भौगोलिक क्षेत्रअनुसार जलविद्युत् आयोजनाले जलवायुमा पार्ने प्रभाव फरक हुने अनेकौं कारण छन् । यीमध्ये जलाशयको क्षेत्रफल र प्रतियुनिट बिजुली उत्पादनको अनुपात, तापक्रम र जलाशयको भूक्षय दर प्रमुख छन् ।

भविष्यमा हुने जलविद्युत् आयोजना विकासले जलवायुमा पार्ने असरबारे चासो र चिन्ता स्वाभाविक छ । तीनवटा नीतिगत परिदृश्यको आधारमा सन् २०४० सम्मका लागि विश्वमा विद्युत् उत्पादनको लक्ष्य निर्धारण गरिएको छ । ती तीन नीति हालको अवस्था, नयाँ र दिगो विकास नीति हुन् । हाल कायम नीतिगत व्यवस्था अनुसार जलविद्युतको विकास हुँदा सन् २०१५ को उत्पादन क्षमताका आधारमा सन् २०४० सम्म ५३ प्रतिशतले जडित क्षमता वृद्धि हुनेछ । यो वृद्धिसँगै विश्व विद्युत् प्रणालीमा जलविद्युत्को हिस्सा १४ प्रतिशत र कुल नवीकरणीय ऊर्जामध्ये ४५ प्रतिशत हुनेछ । प्रस्तावित नयाँ नीतिअनुसार विकास भएमा सन् २०१५ लाई आधार वर्ष मान्दा सन् २०४० सम्ममा ५९ प्रतिशतले जडित क्षमता वृद्धि हुनेछ । कुल नवीकरणीय ऊर्जामध्ये जलविद्युत्को हिस्सा ४० प्रतिशत पुग्नेछ ।

पेरिस सम्झौताद्वारा प्रतिपादित दिगो विकास नीतिअनुसार विकास भएमा सन् २०१५ को क्षमतामा सन् २०४० सम्ममा जलविद्युत्को हिस्सा ७८ प्रतिशतले वृद्धि हुनेछ । यसबाट विश्व विद्युत् प्रणालीमा यसको हिस्सा १९ प्रतिशत र कुल नवीकरणीय ऊर्जामा ४५ प्रतिशत हुनेछ । नयाँ जलविद्युत् आयोजनाको हटस्पटका रूपमा नेपाल, भारत, भुटान चीन, पाकिस्तान अफगानिस्तान, म्यानमार, कंगोलगायतका केही देश छन् ।

एक हजारभन्दा बढी प्रस्तावित आयोजनामध्ये एक चौथाइ आयोजना ब्राजिलमा छन् । यी आयोजनाहरूको कुल जडित क्षमता ९० हजार मेगावाट छ । चीनमा एक लाख ६० हजार मेगावाट क्षमताका करिब दुई सय आयोजना प्रस्तावित छन् । कंगोमा ४५ हजार मेगावाट क्षमताका पाँच सय आयोजना निर्माणको तयारीमा छन् । दक्षिणपूर्वी एसियामा प्रस्तावित आयोजनामध्ये सबैभन्दा बढी भारतमा छन् । भविष्यमा विकास हुने जलविद्युत् आयोजनाबाट उत्सर्जन हुने हरित ग्यासले जलवायुमा पार्ने प्रभाव विश्लेषण गर्न जरूरी छ ।

यसका लागि जलाशयको क्षेत्रफल र प्रतियुनिट विद्युत् उत्पादनको अनुपात, जलाशय निर्माणस्थलको अधिकतम तापक्रम, जलाशयको भूक्षय दर तीनवटा सूचकांक महत्त्वपूर्ण छन् । अध्ययनअनुसार पहिलो सूचकांकको सहसम्बन्ध कार्बन डाइअक्साइड उत्सर्जनमा ०.९० र मिथेन उत्सर्जनमा ०.५० देखिन्छ । सानो सहसम्बन्धको अंकले कम हरित ग्यास उत्सर्जन इंगित गर्छ । पहिलो सूचकांकको आधारमा प्रस्तावित ६ प्रतिशत जलविद्युत् आयोजनाको अनुपात दुई वर्गकिलोमिटर प्रतिगिगावाट घन्टा देखिन्छ । यो सूचकांक भएका जलविद्युत् आयोजनाहरूले अल्पकालीन र दीर्घकालीन रूपमा जलवायुमा पार्ने प्रभाव जीवाश्म इन्धनको भन्दा बढी हुन्छ । पाँच प्रतिशत जलविद्युत् आयोजनाको उक्त सूचकांक एकदेखि दुईका बीचमा छ । यी आयोजनाहरूले जलवायुमा पार्ने प्रभाव पहिलो ५० वर्षसम्म कोइला विद्युत्गृहको भन्दा बढी र दीर्घकालमा प्राकृतिक ग्यास विद्युत्गृहको भन्दा बढी हुने देखिन्छ ।

आठ प्रतिशत जलविद्युत् आयोजनाको उक्त सूचकांक ०.५ देखि एकका बीचमा छ । यी आयोजनाहरूले जलवायुमा पार्ने प्रभाव केही वर्षपछि कोइला र प्राकृतिक ग्यासको भन्दा कम हुने देखिन्छ । प्रस्तावितमध्ये ८१ प्रतिशत आयोजनाको उक्त सूचकांक ०.५ भन्दा कम हुने प्रक्षेपण छ । यी आयोजनाहरू जलवायु अनुकूल र विकासयोग्य मानिएका छन् । समग्रमा ३९ प्रतिशत आयोजनाको उक्त सूचकांक ०.०१ देखि ०.१ सम्म रहने र ती आयोजनाले उत्सर्जन गर्ने हरित ग्यासको परिमाण जीवाश्म इन्धनको १० प्रतिशतभन्दा कम हुने अनुमान छ ।

दोस्रो सूचकांक तापक्रम हो । प्रस्तावितमध्ये दुई प्रतिशत नयाँ जलविद्युत् आयोजन ४० डिग्री सेल्सियसभन्दा बढी तापक्रम भएका सब-ट्रपिकल क्षेत्रमा छन् । यी आयोजनाहरू मूलतः एसिया र अफ्रिकामा छन् । यसको आधा हिस्सा भारतमा छ । यी आयोजनाहरूबाट उत्सर्जित हरित ग्यासले जलवायुमा पार्ने प्रभाव कोइला विद्युतगृहभन्दा ५० वर्षसम्म र प्राकृतिक ग्यास विद्युत्गृहभन्दा सय वर्षसम्म बढी हुन्छ । प्रस्तावितमध्ये ६ प्रतिशत आयोजना ३५ देखि ४० डिग्री सेल्सियस अधिकतम तापक्रम भएका क्षेत्रमा छन् । यी आयोजनाहरूले जलवायुमा पार्ने प्रभाव सुरुआती चरणमा जीवाश्म इन्धनको हाराहारी र दीर्घकालमा जीवाश्म इन्धनको ३० प्रतिशतभन्दा कम रहने प्रक्षेपण छ । प्रस्तावितमध्ये ९२ प्रतिशत आयोजना अधिकतम तापक्रम ३५ डिग्री सेल्सियसभन्दा कम भएका क्षेत्रमा छन् । यी आयोजनाहरूले जलवायुमा पार्ने सुरुआती र दीर्घकालीन प्रभाव जीवाश्म इन्धनको क्रमशः ५० प्रतिशत र १० प्रतिशतभन्दा कम हुने अनुमान छ । तेस्रो सूचकांक जलाशयको भूक्षय दरले जलवायुमा पार्ने प्रभावमा ठूलो भिन्नता नहुने अध्ययनको निष्कर्ष छ ।

दुई सय टन प्रतिहेक्टर प्रतिवर्षको ठूलो भूक्षयले जलवायुमा पार्ने प्रभाव एक टन प्रतिहेक्टर प्रतिवर्षको सानो भूक्षयले पार्ने प्रभावभन्दा धेरै फरक देखिएको छैन । सबै प्रकारका जलाशयको भूक्षयले जलवायुमा पार्ने असर जीवाश्म इन्धनभन्दा कम हुने देखिन्छ । यसर्थ, जलविद्युत् आयोजनाले उत्सर्जन गर्ने हरित ग्यासले जलवायुमा पार्ने प्रतिकूल प्रभाव बेवास्ता गर्न सकिँदैन । भविष्यमा प्रस्तावित जलविद्युत् आयोजनाहरू छनौट गर्दा यसले जलवायुमा पार्ने असर न्यूनीकरण गर्न जलाशयको क्षेत्रफल र उत्पादित विद्युत् (गिगावाट घन्टा) को अनुपात दुईभन्दा बढी भएका आयोजना निरूत्साहित गरी उक्त अनुपात एकभन्दा कम भएका आयोजना छनौट गर्नु उपयुक्त हुन्छ ।

यसअतिरिक्त जलविद्युत् आयोजना निर्माण गर्दा अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा कम भएका भौगोलिक क्षेत्र छनौटमा प्राथमिकता दिन आवश्यक छ । यसमा हरित ग्यास उत्सर्जन कम हुन्छ र जलवायुमा पर्ने प्रतिकूल प्रभाव कम हुने अपेक्षा गर्न सकिन्छ ।

### पालिकामा...

यस्तै दिवा खाजातर्फ देवदहले ३० विद्यालयलाई प्रधानाध्यापकको मागको आधारमा मात्र १ करोड ९ लाख ३० हजार निकाशा दिएको छ । पालिकाले अनुगमन समेत नगरी एकमुष्ट रुपमा सम्बन्धित विद्यालयको व्यवस्थापन समिति अध्यक्षबाट संख्या विवरण प्रमाणितसहित हुनु पर्ने प्रक्रिया पूरा नगरी निकाशा दिएको पाइएको छ ।

सिद्धार्थनगर नगरपालिकाले पनि प्रमाण पेश नै नगरी ५३ लाख ४४ हजारको पाठ्यपुस्तक अनुदान दिएको छ । विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाइ प्रधानाध्यापकले प्रमाणित गरी पेश नगरेको र विद्यार्थीलाई समयमै पुस्तक वितरण गरे नगरेकोबारे अनुगमन भएन । सिद्धार्थनगरले दिवा खाजाका लागि ९२ लाख ३८ हजार खर्च गरेको देखाए पनि यसको बिल पेश भएको छैन ।

यस्तै सेनेटरी प्याड वितरण र प्रयोगको अवस्थाबारे पालिकाले अनुगमन गरेको छैन भने विद्यालयले पनि वितरण र प्रयोगको अवस्थाको प्रतिवेदन तयार गरेको छैन ।

सैनामैना नगरपालिकाले ६३ लाख ९३ हजारको पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको भए पनि विद्यार्थीले किताब बुझेको भरपाइमा मिति समेत उल्लेख छैन, प्रधानाध्यापकले प्रमाणित गरेको पनि छैन । ती पुस्तक समयमै वितरण भयो वा विद्यार्थीले पाए वा पाएनन् भनी अनुगमन भएको छैन ।

सैनामैनाले दिवा खाजातर्फ भने भएको व्यवस्थामा प्रतिव्यक्ति ५ रुपैयाँ थप गरी १ करोड ६२ लाख विद्यालयलाई निकाशा दियो । तर यसको अनुगमन भएको छैन ।

यसैगरी सो पालिकाले १४ लाख ४७ हजार रुपैयाँको सेनटरी प्याड खरिद गरी निजी विद्यालयलाई समेत वितरण गरेको छ । तर यसको पनि अनुगमन गरेको छैन भने विद्यालयले वितरण र प्रयोगको अवस्थाको प्रतिवेदन तयार गरी पालिकामा पठाएका छैनन् ।

तिलोत्तमा नगरपालिकाले तथ्याङ्कमा उल्लेख भएभन्दा बढी विद्यार्थीका लागि पाठ्यपुस्तक वितरण गरेको छ । यस्तै ५ वटा विद्यालयले बिल भरपाइ समेत पेश नगरी निकाशा लिएका छन् ।

सो पालिकाले दिवा खाजा कार्यक्रमको अनुगमन गरेन । केही विद्यालयले भएका विद्यार्थीभन्दा बढीका लागि खाजा खुवाएको भनी पैसा लिएका छन् भने केही विद्यालयले विद्यार्थीको शत प्रतिशत उपस्थित भएको भनी भुक्तानी लिएका छन् ।

यस्तै नगरपालिकाले सेनेटरी प्याडका लागि ५० लाख रुपैयाँ विनियोजन गरे पनि खरिद गरेन । लुम्बिनी साँस्कृतिक नगरपालिकाले पनि दिवा खाजामा ४ करोड ६ लाख ५८ हजार ३८० रुपैयाँ खातामा निकासा गरेको छ । दिवा खाजा खुवाएको अनुगमन समेत गरेको छैन ।

यस्तै विभिन्न पाठ्यपुस्तकका लागि पनि ६ वटा विद्यालयलाई बढि रकम निकासा दियो, ८ वटा विद्यालयलाई प्रमाण पेश नगरी २ लाख १० हजार निकाशा दियो । विद्यालयमा सेनेटरी प्याड खरिद गर्दा नियम पालना गरेन । खरिद गरिएको प्याड पनि समयमा आपूर्ति गरेन ।

यस्तै कञ्चन गाउँपालिकाले दिवा खाजामा ८७ लाख ७९ हजार रुपैयाँ निकासा दिए पनि खाजा खुवाए/नखुवाएको अनुगमन गरेन । पाठ्य पुस्तक वितरण गरेको प्रमाण बिनै १० वटा विद्यालयलाई पैसा निकासा दियो । कार्यविधिले तोकेको साइजभन्दा ठूलो प्याड वर्षको अन्त्यमा खरिद गरी यसको बजेट दुरुपयोग गऱ्यो ।

यस्तै शुद्धोधन गाउँपालिकाले पनि ५ वटा विद्यालयलाई तोकिएको दररेट र पुस्तक बुझेको भरपाइमा उल्लेख भएभन्दा बढी रकम निकाशा दिएको छ । दिवा खाजातर्फ पनि २ वटा विद्यालयले बढी निकासा लगेका छन् । पालिकाले क्षेत्र भित्रका विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरे पनि अनुगमन गरेको छैन । सियारी र गैंडहवा गाउँपालिकामा समेत शिक्षातर्फ अनुगमन भएको छैन । गैंडहवा गाउँपालिकाले सेनिटरी प्याड खरिद गर्दा मापदण्डको पालना नगरी ९ लाख ९९ हजार ९ सय ३७ रुपैयाँ भुक्तानी गरेको छ ।

रोहिणी गाउँपालिकाले पनि विद्यार्थीले पाठ्य पुस्तक बुझेको भरपाइमा मिति नै उल्लेख छैन भने प्रधनाध्यापकले प्रमाणित गरी पेश गरेका छैनन् । रोहिणीका विद्यार्थीले ५१ लाख ७१ हजारको पुस्तक समयमा पाए कि पाएनन्, सबैले पाए कि पाएनन् भन्ने यकिन भएको छैन ।

दिवा खाजाका सट्टामा नगद दिइएको छ जुन नियम विपरित हो । यस्तै रोहिणी बोलपत्र बेगर २१ लाख ८५ हजार बराबरको सेनिटरी प्याड खरिद गरेको छ ।

मायादेवी गाउँपालिकाले आर्थिक वर्षमा सेनिटरी प्याड खरिँदै गरेन भने दिवा खाजाका लागि विभिन्न २२ वटा विद्यालयलाई १ करोड ४७ लाख ३८ हजार निकाशा दियो । केही विद्यालयले उक्त रकममध्ये ४७ लाख खाजा नखुवाइ विद्यार्थीलाई नगदै दिए । सो पालिकाले पाठ्यपुस्तकका लागि १३ लाख ११ हजार ९ सय ९५ रुपैयाँ निकाशा गरेको छ । एघारवटा विद्यालयले विद्यार्थीको संख्या खुल्ने कागज पेश नगरी भुक्तानी लिए । कोटहीमाई गाउँपालिकाले सेनटरी प्याड किन्दा प्रकृया पूरा गरेन । त्यसरी किनिएको प्याडको गुण्स्तर र ती प्याड प्रयोग भए नभएको अनुगमन समेत भएन । दिवा खाजामा पनि १ करोड २९ लाख ७७ हजार विद्यालयलाई उपलब्ध गराएकोमा खाजाको गुणस्तर भए नभएको अनुगमन भएको छैन । दिवा खाजाको लागि विद्यार्थीलाई नगद उपलब्ध गराउने व्यवस्था नभए पनि ६ हजार ७ सय ७१ जनालाई औषसत १२८ दिनको हिसाबले विद्यालयले रकम बुझेको छ । पाठ्यपुस्तक पुस्तक बुझेको भरपाइमा मिति उल्लेख छैन र प्रअले भरपाई प्रमाणित गरेका छैनन् । मर्चवारी गाउँपालिकामा निःशुल्क पाठ्यपुस्तक वितरणका लागि ५७ लाख ३२ हजारको पुस्तक अनुदानमा उपलब्ध गराइएपनि विद्यार्थीले त्यतिको पुस्तक पाए नपाएको वा पाठ्य पुस्तक समयमा आए नआएको अनुगमन भएको छैन । सेनेटरी प्याडको व्यवस्था गर्न ११ लाख ६६ हजार खर्च भए पनि त्यसको अनुगमन पालिकाले गरेन । यस्तै दिवा खाजामा ६ हजार ४ सय ९१ विद्यार्थीलाई ८३ दिनको औषतमा ८० लाख ८० हजार विद्यालयलाई रकम उपलब्ध गराएकोमा दिवा खाजा दिए नदिएको र दिएको भएको त्यसको गुण्स्तर जाँच गरिएन ।

सम्मरीमाइ गाउँपालिकामा यी तीनवटै शीर्षकमा भएको अवस्था उस्तै छ । निःशुल्क पाठ्यपुस्तकका लागि ८ हजार ३ सय ८६ विद्यार्थीलाई ५० लाख ६१ हजार ८ सय खर्च भएको देखिन्छ, तर विद्यार्थीले पाठ्यपुस्तक कहिले पाए भन्ने कुरा भरपाइमा खुल्दैन । प्रअले प्रमाणित गर्नुपर्ने भर्पाइ प्रमाणित गरिएको छैन । सेनेटरी प्याड बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सिधै खरिद गरियो । दिवा खाजा पनि बढी विद्यार्थीलाई खुवाएको भनी निकाशा दिइएको छ ।

### टीआसी...

२ जना सदस्यमा राष्ट्रिय मानवअधिकार आयोगको एक सदस्य र स्वतन्त्र मानव अधिकारकर्मी, मनोविज्ञानवेत्ता, कानुनविद्, विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरूमध्येबाट एक जना हुन्छन् ।

सरकारले २०८० चैतमै पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रलाई सिफारिस समितिको अध्यक्ष तोकिएको थियो । त्यस्तै सर्वोच्च अदालतका पूर्वन्यायाधीश जगदीश शर्मा पौडेलर अधिकारकर्मीहरू डा.अर्जुनकुमार कार्की तथा स्टेला तामाङ सदस्य थिए । तर, राष्ट्रिय मानवअधिकार आयोगले नाम पठाएको छैन । अब विधेयकले ऐनको रूप पाएपछि यस समितिले पूर्णता पाउन सक्नेछ । संक्रमणकालीन न्यायसम्बन्धी दुवै आयोगमा पदाधिकारी सिफारिस गर्नुअघि नियुक्तिको लागि योग्य व्यक्तिहरूको संक्षिप्त सूची सार्वजनिक प्रतिक्रियाको लागि प्रकाशन गर्ने, सूचीमा परेका ती व्यक्तिहरूको पृष्ठभूमि तथा प्राप्त प्रतिक्रियासमेतको आधारमा उपयुक्त देखिएका व्यक्तिलाई आयोगको अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्ने विधि पनि विधेयकले तय गरिदिएको छ ।

सिफारिस समिति गठन भएको बढीमा दुई महिनाभित्र अध्यक्ष तथा सदस्यको नाम सिफारिस गरिसक्नु पर्ने बाध्यकारी सीमा पनि विधेयकमै तोकिएको छ ।

सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन दुवै आयोगमा गरी ६४ हजारभन्दा बढी उजुरी छन् । यसअघि दुईपटक गठन गरिएका आयोगले उजुरी संकलन गर्नमै सीमित भए । विगत दुई वर्षदेखि भने यी दुवै आयोग पदाधिकारीविहीन छन् । दुवै आयोग ०७९ असार ३१ मा पदाधिकारीविहीन भएका थिए । त्यसयता पदाधिकारीविहीन अवस्थामै बाधा अड्काउ फुकाउ आदेशमार्फत् सरकारले पटक-पटक थपिरहेको छ । यो विधेयक पारित भएपछि तेस्रोपटक आयोग गठन गरिनेछ ।

### दुई...

अहिले बेलैमा सचेत मात्रै गराइएको हो ।'- प्रचण्डले भने । संविधान संशोधनका नाममा समावेशी, समानुपातिक व्यवस्थामा घात गर्न खोजे सडकबाट प्रतिवाद गर्ने उनले बताए । दुई ठूला पार्टी डराएर मिलेको टिप्पणी गर्दै अध्यक्ष प्रचण्डले संसदीय अभ्यासमा पहिलो र दोस्रो ठूलो पार्टी मिल्ने अभ्यास कहीँ नभएको पनि बताए । भ्रष्टाचारविरोधी अभियानका कारण डराएर कांग्रेस र एमालेले गर्न नहुने काम गरेको प्रचण्डको दाबी छ । 'उहाँहरूले भन्ने गरेको संसदीय व्यवस्थामा पहिलो र दोस्रो पार्टी कतै मिल्दैनन् । कांग्रेस आइ र बिजेपी मिलेर सरकार बनाउने कुरा चल्छ त इण्डियामा ? बेलायत, अमेरिका कतै यस्तो देखिँदैन ।'- उनले भने ।

वर्तमान सरकार निर्माणमा माफियाको भूमिका रहेको उल्लेख गर्दै सरकार निर्माण हुनुअघि वार्ता, सहमति कहाँ र कसका घरमा भए भन्ने विषयले पनि सरकार निर्माणमा विचौलियाको भूमिका के छ भनेर प्रष्ट देखिने प्रचण्डको भनाइ थियो । अर्को प्रसंगमा अध्यक्ष प्रचण्डले भ्रष्टाचारका विषयमा मुद्दा चलाउन पाँच वर्षे हदम्याद लगाउनु हुँदैन भन्नेमा माओवादी स्पष्ट रहेको बताए ।

### नेपालगञ्ज...

दुग्ध वितरण आयोजनाले दाङको शान्तिनगर दुग्ध चिस्यान केन्द्र, लमही दुग्ध चिस्यान केन्द्र, बर्दियाको सानोश्री, भूरिगाउँ चिस्यान केन्द्रबाट दूध संकलन हुँदै आएको छ । यस्तै सुर्खेतको छिन्छु दूध चिस्यान केन्द्र र कोहलपुर आयोजना कार्यालयबाट समेत दूध संकलन हुँदै आएको हो । एक सय ११ सहकारी संस्थाबाट हजारौं किसानले दूध बिक्रीवितरण गर्दै आएका छन् । उद्योगबाट प्रतिघण्टा एक हजार लिटर दूध प्रशोधन गर्न सक्ने क्षमता छ । हाल दैनिक १२ हजार लिटर दूध संकलन हुँदै आएको आयोजना कार्यालयले जनाएको छ । दूधको सहज बजारीकरणको लागि पाउडर प्लान्ट बनाउन प्रस्ताव गरिएको छ ।

# नेप्से ३७ अंकले घट्यो



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार झण्डै ३७ अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३६ दशमलव ८३ अङ्कले ओरालो लागेर दुई हजार सात सय ४९ दशमलव ५७ मा ओर्लेको छ ।

यस्तै ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक आठ दशमलव ३५ अङ्कले ओरालो लागेर चार सय ८९ दशमलव ७९ मा ओर्लेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये १२ उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा एक उपसमूहको मात्रै उकालो लागेको छ ।

कूल दुई करोड ८३ लाख ४६ हजार दुई सय ४६ कित्ता शेयर रु १२ अर्ब २४ करोड ३६ लाख एक हजार तीन सय ६५ मूल्यमा कारोबार भएको छ । नेप्सेका अनुसार कुथरी बखरी स्मल हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

रसुवागढी हाइड्रोपावर नौ दशमलव ९९, मिड सोलु हाइड्रोपावर आठ दशमलव ४८, मितेरी डेभलपमेन्ट बैंक सात दशमलव ८९ र पिपल्स हाइड्रोपावरका लगानीकर्ताले सात दशमलव ६२ प्रतिशतले कमाएका छन् ।

यस्तै थ्री स्टार हाइड्रोपावर १०, विन नेपाल लघुवित्त पाँच दशमलव ८४, एनआरएन इन्फास्ट्रक्चर पाँच दशमलव शून्य आठ, तारागाउँ रिजेन्सी होटल चार दशमलव ९९ र नाडेप लघुवित्तका लगानीकर्ताले चार दशमलव ७८ प्रतिशतले गुमाएका छन् ।

# विद्युत् अनियमितले मारमा उद्योगी

गलकोट (बागलुङ) । पछिल्लो दुई महिनायता बागलुङमा विद्युत् अनियमित भइरहेको छ । नेपाल विद्युत् प्राधिकरणले वितरण गर्दै आएको विद्युत् अनियमित हुँदा यहाँका उद्योगी मारमा परेका छन् ।

पछिल्लो दुई महिनायता शनिबार विद्युत् कटौती भइरहेको छ भने अन्य समयमा पूर्व सूचना नगरी विद्युत् कटौती हुँदा उपभोक्ता र उद्योगी मारमा परेका छन् । पर्वतको मोदीबाट सोझै बागलुङ नगरपालिका-१ रामरेखा स्थितको ३३-११ केभी क्षमताको सवस्टेशनमा ल्याइएको विद्युत्मा पटक-पटक समस्या आउदा विद्युत् कटौती भइरहेको छ ।

विद्युत् कटौतीले बागलुङभित्र रहेका पोलिक्लिनक, ल्याब, फर्निचर, ग्रिल उद्योग, घरेलु उद्योग, वेकरी, होटल, रेष्टुरेण्ट, अफसेट प्रेस, सरकारी तथा गैरसरकारी सस्था, बैंक तथा वित्तीय संस्था लगायतलाई समस्या भएको हो ।

विद्युत् सेवा अनियमित हुँदा रातको समयमा विद्यार्थीलाई अध्ययनमा समेत समस्या भएको छ । बेलाबेलामा विद्युत् आउने जाने गर्नाले विद्युत्बाट चल्ने धेरै सामग्री बिग्रिने गरेका छन् । रामरेखा सवस्टेशनबाट वितरण भइरहेको तित्याङ-सिगानामा क्षमताअनुसारको विद्युत् नपुग्दा त्यहाँका फर्निचरलगायत अन्य घरेलु उद्योग बन्द हुने अवस्थामा पुगेका छन् ।

फर्निचरलाई आवश्यक विद्युत् नै आपूर्ति नभएको र आपूर्ति भइरहेको विद्युत्समेत पटक-पटक कटौती हुँदा दुई महिनादेखि फर्निचर व्यवसाय नै धरासायी बन्न थालेको बागलुङ-८ सिगानाका फर्निचर व्यवसायी राज जिसीले बताए ।

"जिल्लाभरमै विद्युत् अनियमित हुँदा हामी जस्ता साना उद्योगीलाई समस्या भएको छ, अहिले रायडाँडा तर्फको प्रशारणलाईनमा तित्याङ र सिगानाको लाइन जोड्न नसक्दा फर्निचरका उपकरणनै चल्न छोडेरको छ", जिसीले भने-"विद्युत् कार्यालयले उचित पहलकदमी नलिँदा हामी जस्ता उद्योगी पयालय हुने अवस्था आएको छ, विद्युत् उत्पादन बढे पनि प्रशारण लाइनको क्षमता नबढ्दा उद्योगी तथा उपभोक्ता मारमा परेका छन् ।" पछिल्लो सयम बागलुङमा विद्युत् आउने जाने गर्दा विद्युतीय उपकरणसमेत बिग्रने समस्या आएको स्थानीय हरि लम्सालले बताए । विद्युत् कटौतीले स्वास्थ्य क्षेत्र पनि प्रभावित भएको छ । विद्युत् कटौतीले बिरामीले अनलाइनबाट पाउने सेवा प्रभावित भएको छ ।

बिरामीको सबै विवरण अनलाइनमा भएको र विद्युत् कटौतीले लामो समय कुर्नुपर्ने बाध्यता आइलागेको बागलुङका नगर स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले बताए । बागलुङमा पर्वतको मोदीबाट विद्युत् आपूर्ति हुने गरेको छ । लामो प्रशारणलाइन तथा बर्खामा पहिरो जाने, विद्युतीय पोलमा आउने समस्या जस्ता कारण बागलुङमा विद्युत् अनियमितरुपमा जाने गरेको छ ।

दाना-खुर्कोट सवस्टेशनको विद्युत् ल्याउन नसकिएको र बागलुङमा आएको मोदीको विद्युत्मा दिन प्रतिदिन समस्या आउने गरेको छ । दाना-खुर्कोट सवस्टेशनको विद्युत् बागलुङ ल्याउन ठेक्का भइसकेको छ । नेपाल विद्युत् प्राधिकरण बागलुङले खुर्कोट सवस्टेशनबाटसमेत विद्युत् ल्याउने र वैकल्पिक रुपमा मात्रै मोदीको विद्युत् प्रयोग गर्ने योजना बनाए पनि तत्कालै सम्भावन नभएको बागलुङ वितरण केन्द्रका इञ्जिनियर रमेश पौडेलले जानकारी दिए । रासस


## रेन्बो डिष्टिलरी प्रा लि तिलोत्तमा-१३, रुपन्देही

### मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु नेपाल अधिराज्यको लागि अर्को सूचना नभएसम्म मिति २०८१।०५।१६ गते देखि लागू हुने गरी निम्न बमोजिमको मूल्यमा बिक्री वितरण गरिने हुँदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Brands | ML | Strength | Dealer Price | Dealer Commis-sion | Whole-sale Price | Whole-sale Com-mission | Retail Price | Retail Com-mis-sion | Consumer Price | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | Per Case | Per Bot-tle |
| 1 | Bouncer | 300 | 70 | 1,080 | 30 | 1,110 | 30 | 1,140 | 240 | 1,380 | 46 |
| 2 | Pukar (Litchi +Orange) | 300 | 70 | 1,000 | 20 | 1,020 | 30 | 1,050 | 210 | 1,260 | 42 |

नोट :-उपरोक्त मूल्यमा अन्तःशुल्क, ढुवानी भाडा र मु.अ कर समेत समावेश गरिएको छ ।


## Bardaghat Municipality
## Office of Municipal Executive
## CHISAPANI HOSPITAL
**Chisapani, Bardaghat-02, Nawalparasi**
**Lumbini Province, Nepal**

## INVITATION FOR BIDS (EBIDDING ONLY)

(Publication Date 2024/08/30)

1. Invitation for Sealed Quotation for the procurement of Procurement of Supply and delivery of Medicines at Chisapani Hospital, Bardaghat Municipality-02, Nawalparasi West, Lumbini Province, Nepal.

| S.N | Contract No. | Description Of Works | Bid valdity period /Bid security validity | Estimated Amount Without Vat & | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1. | CH/SQ/GOODS/01/081/82 | Procurement of Supply and delivery of Surgical Medicines at Chisapani Hospital, Bardaghat Municipality-02, Nawalparasi West,Lumbini Province,Nepal | 90/120 Days | 1327361.29 | 45000 | 1000 |
| 2. | CH/SQ/GOODS/02/2081/82 | Procurement of Supply and delivery of Medicines at Chisapani Hospital, Bardaghat Municipality-02, Nawalparasi West,Lumbini Province,Nepal | 90/120 Days | 4424774.03 | 150000 | 1000 |
| 3. | CH/SQ/GOODS/03/081/82 | Procurement of Supply and delivery of Surgical laboratory chemical and devices at Chisapani Hospital, Bardaghat Municipality-02, Nawalparasi West,Lumbini Province,Nepal | 90/120 Days | 2116840.32 | 72000 | 1000 |

| | |
|---|---|
| Account No.for bid document purchase fee<br>Name of Bank : NIC ASIA Bank Ltd,Bardaghat, Nawalparasi<br>Name of Office: Bardaghat Municipality ,Bardaghat<br>Account Number(AntarikRajaswo):0832050028211002 | Account No.for bid security deposit purchase fee<br>Name of Bank : NIC ASIA Bank Ltd,Bardaghat, Nawalparasi<br>Name of Office: Bardaghat Municipality ,Bardaghat<br>Account Number(Dharautikhata): 8341498482524004 |
| Deadline of bid submission<br>29-09-2024 12:00 | Date & Time of bid opening<br>30-09-2024 13:00 |

2 .Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Chisapani hospital Bardaghat Municipality-02, Nawalparasi West,Lumbini Province,Nepal PPMO website www.bolpatra.gov.np/egp

## Lumbini Province Government
## Ministry of Physical Infrastructure Development
## Transport Infrastructure Directorate
## Road Infrastructure Development Office
Palpa

## Invitation for Online Bids

First date of publication: 30th August, 2024(14th Bhadra, 2081)

Road Infrastructure Development Office (RIDO), Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under Sealed Quotation system.
All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

| S.N. | Name of Project | Contract Identification | Estimate Amount Excluding VAT & PS (NRs.) | Bid Security (NRs.) |
|---|---|---|---|---|
| 1 | Upgrading Of Padamtari Bel Bhangyang Simalgaera Majhghar Akala PraBi sammasadak, Rampur-8,Palpa | RIDO-PAL-W-SQ-36-2081/082 | 17,08,387.65 | 47,000 |
| 2 | Upgrading Of Dalle Chaupari to Talpokhari Bato Pakki Nala, Rampur 6 Palpa | RIDO-PAL-W-SQ-37-2081/082 | 1,280,979.97 | 35,000 |
| 3 | Upgrading Of Siluwa Mandali Khel Maidanhudai Sirdanda Cangsedibato & KhelMaidan Nirman, Purbakhola 1 Palpa | RIDO-PAL-W-SQ-38-2081/082 | 1,280,902.48 | 35,000 |
| 4 | Upgrading Of Kisanbari Mohoti Garchadi Motarbato Nali Nirman, Rampur 7 Palpa | RIDO-PAL-W-SQ-39-2081/082 | 1,281,935.99 | 35,000 |
| 5 | Upgrading Of Corridor Siddababa Mandir Bato, Rampur 8 Palpa | RIDO-PAL-W-SQ-40-2081/082 | 1,281,836.33 | 35,000 |
| 6 | Upgrading Of Zeroko Ukalo to Jhimire Debisthan Dametar Bato, Rampur- 8, Palpa | RIDO-PAL-W-SQ-41-2081/082 | 1,708,342.57 | 47,000 |
| 7 | Upgrading Of Siluwa Archale Mityal, Nisdi-06, Palpa | RIDO-PAL-W-SQ-42-2081/082 | 1,708,667.88 | 47,000 |
| 8 | Upgrading Of Jyamire Purbakhola Motarbato, Nisdi 7 Palpa | RIDO-PAL-W-SQ-43-2081/082 | 1,281,249.24 | 35,000 |
| 9 | Upgrading Of Bashista Marg, Kaligandakikinar to Ramghat Mandirhudai Bashista Gufa Corridor Road, Rampur 5,Palpa | RIDO-PAL-W-SQ-44-2081/082 | 9,81,564.85 | 27,000 |
| 10 | Upgrading of Pokhardanda-Bansdanda Motorbato Dhalan, Rainadevi Chhahara-05, Palpa | RIDO-PAL-W-SQ-45-2081/082 | 17,08,690.82 | 47,000 |
| 11 | Upgrading Of Baughapokharathok Luhung Jorte Motorbato,Tansen-12,Palpa | RIDO-PAL-W-SQ-46-2081/082 | 17,08,615.86 | 47,000 |
| 12 | Upgrading Of Jailko Padhero Dekhi Bichchour Kharyan Sammako Sadak, Tansen-05,Palpa | RIDO-PAL-W-SQ-47-2081/082 | 12,81,691.62 | 35,000 |
| 13 | Upgrading Of Gairabari Gahabari Hudai Chiuribot Motorbato,Bagnaskali-01,Palpa | RIDO-PAL-W-SQ-48-2081/082 | 12,81,880.56 | 35,000 |
| 14 | Upgrading Of Pokharathok Sthit Gyanjyoti Sairam Bishnu Ma.Vi.Sadak, Bagnaskali -02,Palpa | RIDO-PAL-W-SQ-49-2081/082 | 17,09,044.57 | 47,000 |
| 15 | Upgrading Of Khandula AapchourDeurali Motorbato, Bagnaskali-02,Palpa | RIDO-PAL-W-SQ-50-2081/082 | 12,81,949.64 | 35,000 |
| 16 | Upgrading Of Ganashal Balkanya Aa.Bi. ToBarahapokhara Road , Tansen-10,Palpa | RIDO-PAL-W-SQ-51-2081/082 | 12,82,593.54 | 35,000 |
| 17 | Upgrading Of Tallipipal School Ram mandir Hudai Surungturung Road,Tansen-10,Palpa | RIDO-PAL-W-SQ-52-2081/082 | 12,83,086.14 | 35,000 |
| 18 | Upgrading Of Mathillo Pakluwa DekhiKhel Maidan Hudai Tallo Basti Road,Tansen-07,Palpa | RIDO-PAL-W-SQ-53-2081/082 | 12,81,590.54 | 35,000 |


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफेटी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# भन्सारले समात्यो ट्रकसहित २ सय १० बोरा चिनी

**लुम्बिनी संवाददाता**
*भैरहवा*



बुधबार जिल्ला प्रहरी कार्यालय रुपन्देहीको नवनिर्मित भवनको उद्घाटन गर्न आएका नेपाल प्रहरीका प्रमुख प्रहरी महानिरीक्षक (आइजीपी) बसन्तबहादुर कुँवर गएसँगै तस्करीको सामान बरामद भएको छ। आइजीपी नै रुपन्देही आउने भएपछि केही दिन शान्त भएको तस्कर गतिविधि गएसँगै पुनः सुरु भएको छ।

आइजीपी गएकै रातीबाट तस्करीको काम सुरु भएको बुधबार राती बरामद भएको अवैध सामानले पुष्टि गर्छ। हुनत भैरहवा भन्सार कार्यालय तस्करहरुको जंजिरलाई तोड्न प्रयासरत छ। नियमित रुपमा कार्यालयले संस्थागत तस्करी नियन्त्रणमा एकपछि अर्को सफलता प्राप्त गर्दै आएको छ। भन्सार नेतृत्वले सशस्त्र प्रहरी र नेपाल प्रहरीकै सहयोगमा अवैध बस्तु नियन्त्रण गर्दै आएको छ। भन्सारलाई राष्ट्रिय अनुसन्धान र प्रमुख जिल्ला अधिकारीले पनि सहकार्य गर्दै अभियानमा सहयोग गरेका छन्।

लुम्बिनी रोडमा खटिएको भन्सार गस्ती टोलीले बेथरीबाट भन्सार छली नेपाल भित्रिएको २ सय १० बोरा चिनी ट्रकमा लोड रहेको अवस्थामा चालकसहित नियन्त्रणमा लिएको भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत नारद गौतमले जानकारी दिए।

बुधबार आइजीपीको सम्बोधनमा पनि सेटिङ भत्काउने, वर्षौंसम्म एउटै युनिटमा रहने प्रहरीलाई लखेट्ने, प्रहरीसँगै परिवारको बैंक खाता चेक गर्ने, ट्राफिक प्रहरीको कार्यमा शंका रहेको समेतको भाषण गर्दै रोक्न निर्देशन गरेका थिए।

विशेष सूचनाको आधारमा लु २ ख २८३६ नम्बरको ट्रकमा उक्त परिमाणको अवैध चिनी नेपालतर्फ ल्याउँदै गर्दा नियन्त्रणमा लिइएको हो। ट्रक चालक मायादेवी गाउँपालिका २ तुलसीपुरका शिवकुमार यादवलाई नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाइएको प्रमुख गौतमले बताए। नेपाली उद्योगको नामको चिनीका बोरामा भरिएको अवस्थामा ६ लाख ३० हजार मूल्य बराबरको चिनी र ट्रक को १९ लाख गरी १६ लाख ३० हजार मूल्य बराबरको सामान नियन्त्रणमा लिएको हो।

चालकले सोधपुछको क्रममा चामल रहेको बयान दिए पनि सामान चेकजाँच गर्दा चिनी फेला परेको हो। उक्त सामान झुलनीपुरबाट लोड गरी पोखरा लैजाँदै गरेको सोधपुछबाट खुलेको छ उनले बताए। सो क्षेत्रबाट पछिल्लो समय निरन्तर सामान भित्रिरहेको बरामद सामानबाट पुष्टि भइरहेको छ।

सर्वसाधारणका लागि घरायसी सामानमा निकै कडा गरिए पनि नेपालमा संस्थागत रुपमा तस्करीको गिरोह छ भन्ने भैरहवा भन्सारको पछिल्लो सफल अभियानले पुष्टी गरेको छ। सामान जति नियन्त्रणमा आए पनि तस्करहरु भने तस्करी गर्न रोकेका छैनन्, यसरी नरोकिनुमा ठूलो समूहको संलग्नता र सेटिङमै हुने गरेको देखिन्छ, उनीहरुमा ठूलो आँट छ। स्रोतका अनुसार आइजीपी रुपन्देही हुँदा केही समय तस्करी रोकिएको हो, त्यसपछि काम सुरु हुने तस्करहरु बताउँछन्।

एक साताअघि पनि सोही क्षेत्रबाट लु २ ख १२९० नम्बरको ट्रकसहित २ सय १० बोरा चिनी बरामद गरेको थियो। लुम्बिनी रोड प्रकटेश्वर मन्दिर जाने बाटोबाट सशस्त्र प्रहरी डण्डाको सहकार्यमा ती सामान बरामद भएका थिए। भैरहवा भन्सार कार्यालयले तस्करीलाई कुनै पनि हालतमा सफल हुन नदिने प्रण गरेको छ। विशेष सूचनालाई आधार बनाइ भन्सारले स्रोत साधन र जनशक्तिअनुसार सक्रिय रुपमा निगरानी बढाउँदै रातदिनको गस्ती र सूचनाको सुक्ष्म निगरानीले अवैध पैठारीकर्ता धमाधम नियन्त्रणमा आइरहेको छ।

पछिल्लो चामल, चिनी, मटर, कपडा र प्याजको तस्करी बढेको छ। यसका अलावा दैनिक उपभोग्य सामान, हार्डवेयर, मेसिनरी तथा इलेक्ट्रिक सामानहरु विभिन्न नाकाबाट भित्रिरहेको सुरक्षा निकायले बरामद गरेको तथ्याङ्कले देखाउँछ। सीमा क्षेत्र नजिक रहेका गल्लाभण्डारहरुले पनि धान, गहुँ र चामल अवैध रुपमा भित्र्याइ वैध बनाउने गरेका छन्।

# जेष्ठ नागरिकसँग मेयर कार्यक्रम प्रभावकारी

**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा जेष्ठ नागरिकसँग मेयर कार्यक्रम प्रभवाकारी रुपमा सञ्चालन भएको पाइएको छ। रामग्राम नगरपालिकाले सञचालन गरेको जेष्ठ नागरिकसँग मेयर कार्यक्रम प्रभवाकारी रुपमा सञ्चालन भएको पाइएको हो। नगरपालिकाले १८ वाटै वडाहरुमा जेष्ठ नागरिक वृद्धवृद्धाहरुलाई घरमै पुगी स्वास्थ्यकर्मीहरुले स्वास्थ्य परीक्षण र औषधि उपचार गरिरहेको र त्यसबाट जेष्ठ नागरिकले भरपूर्ण लाभ लिने गरेको पाइएको छ। रामग्राम वडा नं. १६ जमुनियाका जेष्ठ नागरिक मोहनबहादुर मल्लले स्वास्थ्यकर्मीले घरमै आइ चेकजाँच र औषधि दिने गरेको र घरमै सेवा पाउँदा अत्यन्त खुशी लागेको बताए।

उनले भने-'महिनाको एक पटक स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मी घर आउनुहुन्छ, मेरो शरीरमा देखिएको स्वास्थ्य अवस्था चेकजाँच गरी औषधि पनि दिनुहुन्छ, म एकदामै हार्षित छु।'

यस्तै रामग्राम वडा नं. १६ कै जेष्ठ नागरिक बलबहादुर लोहारले घरमै स्वास्थ्यकर्मी आइ स्वास्थ्य चेकजाँच गर्ने र औषधि उपचार गर्नाले निकै हार्षित भएको जनाए। यसरी हामी बुढा मान्छेलाई घरमै स्वास्थ्य उपचार र औषधि पाउँदा धेरै सजिलो भएको उनले बताए। उनले भने -'स्वास्थ्य संस्थामा गइ लाइन बस्नु र कुरुन नपर्ने सजिलै घरमै सेवा पाउँदा हामी खुसी छौं।'

नगरपालिकाले स्वास्थ्य संस्थाबाट टाढा रहेका जेष्ठ नागरिकलाई सेवा दिने र जेष्ठ नागरिक स्वास्थ्य संस्थामा आउन नसक्ने अवस्थाको मध्येनजर गरी स्वास्थ्यकर्मीहरु घरमै पुगी स्वास्थ्य सेवा दिइरहेको छ। ६५ वर्षभन्दा माथिका लक्षित गरी जेष्ठ नागरिकसँग मेयर कार्यक्रम सञ्चालन गरिएको रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले बताए।

जेष्ठ नागरिकलाई ब्लडप्रेशर पल्स तापक्रम सुगर, पिसाब जाँच गर्ने, उच्च रक्तचाप, मधुमेह, दम, टीबी, कृष्ठरोग, औलो तथा अन्य स्वास्थ्य समस्याहरुको जाँच तथा पहिचान गरी उपचार सल्लाह दिने गरिएको मेयर यादवले बताए। जेष्ठ नागरिकलाई प्रत्येक महिनाको एक पटक घरमै पुगी स्वास्थ्यकर्मीहरुले स्वास्थ्य परीक्षण र औषधि उपचार गर्ने गरेको यादवले जानकारी दिए।

नगरपालिकाले २०७७ साल माघ महिनाबाट जेष्ठ नागरिकसँग मेयर कार्यक्रम सुरु गरेको थियो। नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० मा मासिक रुपमा दुई हजार आठ सय ८२ जना जेष्ठ नागरिकलाई सेवा दिइएको स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक सुरज हरिजनले जानकारी दिए। उनको अनुसार २०८०/०८१ मा तीन हजार एक सय ४५ जना जेष्ठ नागरिकलाई सेवा दिइएको हो।

नगरपालिकाले ७० भन्दा माथिका जेष्ठ नागरिकलाई स्वास्थ्य बिमा निःशुल्क गरिएको बताउँदै हरिजनले नगरले यस आवमा थप परिमार्जनसहित ७० वर्षभन्दा माथिका २४ जनालाई मासिक रुपमा सेवा दिइने योजना रहेको जानकारी दिए। यो कार्यक्रम सो उमेर समूहमा हुने नसर्ने रोगहरुको न्यूनीकारणमा अत्यन्त मद्दत पुग्ने देखिएको नगरपालिकाले जनाएको छ।




# 'संविधान सही कार्यान्वयन नहुँदा समस्या'



बुटवल। नेपालको संविधान २०७२ उत्कृष्ट भएता पनि सरकारले कानुन निर्माण गरी कार्यान्वयन गर्न नसक्दा र प्रदेशलाई अधिकार प्रत्योजन नगर्दा संघीयताप्रति नागरिकस्तरबाट नै प्रश्न उठ्न थालेको एक कार्यक्रममा बोल्ने वक्ताहरुले बताएका छन्।

सामाजिक परिवर्तन केन्द्रको आयोजनामा बिहीबार बुटवलमा आयोजित संघीयतामा शान्ति, न्याय र समावेशीकरण विषयक प्रदेशस्तरीय सम्मेलन कार्यक्रममा बोल्ने वक्ताहरुले सो कुरा बताएका हुन्।

कार्यक्रममा बोल्दै पूर्व लुम्बिनी प्रदेशसभा सदस्य दिपा विकले नागरिकको चित नबुझेमा समाजमा द्वन्द्वको सुरुवात हुने बताउँदै समाजमा देखा पर्ने यस प्रकारका समस्यालाई तत्काल सरकारले सम्बोधन गर्नु पर्ने बताइन्।

साथै उनले संविधानमा सामावेशीकरणको सुनिश्चितता गरिता पनि विभिन्न बाहानामा कार्यान्वयन नभएको भन्दै यसलाई राज्यले कार्यान्वयन गर्नु पर्ने बताइन्।

यस्तै कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका क्षेत्रीय सभापति प्रजापाल गिरीले संविधान जारी हुँदा संघीयताका बारेमा आम नागरिकले स्वागत र त्यसमा उत्साह रहेता पनि अहिले केही निराशा देखा पर्न थालेकोमा चिन्ता व्यक्त गरे। कानुन नबन्दा प्रदेश सरकारले सोंचेअनुसार काम गर्न नसेकेको र संघ सरकारले प्रदेशलाई प्रत्योजन गर्नुपर्ने कतिपय अधिकार प्रत्योजन पनि नगरेको उनले बताए।

नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष शेरबहादुर केसीले संविधानले दिएको अधिकारलाई स्थापित गर्न नसक्दा समस्या देखिँदै जाने सम्भावना रहेको बताए।

दैनिक लुम्बिनीका सम्पादक समेत रहेका केसीले मिडियाले सरकारलाई संविधान बमोजिम कानुन बनाउन र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने सवालमा निरन्तर रुपमा खबरदारी गराउनुपर्ने बताए।

कार्यक्रममा सामाजिक परिर्वतन केन्द्रका कार्यकारी निर्देशक डा. प्रकाश भट्टराईले 'शान्ति, न्याय र समावेशिकताः एक अवधारण' सम्बन्धी प्रस्तुतिकरण प्रस्तुत गरेका थिए।

यस्तै नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य भवानीप्रसाद पाण्डेले समाजलाई सही बाटोमा हिंडाउन, असल बनाउन र सभ्य समाजको निर्माण गर्नका लागि सरकार, राजनीतिक दल, बुद्धिजीवि र सञ्चारकर्मीको भूमिका महत्वपूर्ण हुने बताए।

# महासंघद्वारा तीज मिलन

बुटवल। नेपाल पत्रकार महासंघ रुपन्देहीको आयोजनामा तीज मिलन कार्यक्रम २०८१ सम्पन्न भएको छ।

हरितालिका तीजको अवसरमा पत्रकार महिलाहरुका बिचमा शुभकामना आदानप्रदान तथा दरखाने कार्यक्रम गरिएको हो।

कार्यक्रममा बोल्दै पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष रामराज पोखरेलले पत्रकार महिलाहरुलाई कामबाट केही समय छुट्टएर रमाइलो गर्नको लागि कार्यक्रम आयोजना गरिएको बताए।

कार्यक्रममा बोल्दै पत्रकार महासंघ रुपन्देहीका उपाध्यक्ष अमृता अनमोल, सहसचिव माया केसीले तीजमा औपचारिकताभन्दा पनि केही समय आफ्नो कार्यगत जिम्मेवारी भुलेर रमाइलो नाजगान गर्न कार्यक्रम आयोजना गरिएको बताएका थिए।










सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com